# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)

हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

३ माघ, २०७९

### यति एयरलाइन्सको जहाज दुर्घटनाप्रति आयोगद्वारा गहिरो दुःख व्यक्त

### हवाई सेवालाई सुरक्षित बनाउन आयोगको आग्रह ।

यही माघ १ गते काठमाडौँबाट पोखराको लागि उडेको यति एयरलाइन्सको चालक दलसहित ७२ जना सवार जहाज कास्कीको पोखरामा दुर्घटना हुँदा ७० जनाको मृत्यु भएको र २ जनाको अवस्था अझै अज्ञात रहेको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोग गहिरो दुःख व्यक्त गर्दछ । यस सङ्कटको घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दै आयोग हार्दिक समवेदना प्रकट गर्दछ ।

हवाई दुर्घटनाका कारण व्यक्तिको जीवनको अधिकार गुम्न गएका घटनाहरुको आयोगले विभिन्न माध्यमबाट अनुगमन गर्दै आइरहेको छ । मानवीय क्षतिको दृष्टिकोणले उक्त दुर्घटना नेपालको आन्तरिक उडानमा हालसम्मकै सबैभन्दा ठूलो रहेको पाइएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा हवाई उडानलाई नियमन गर्ने व्यवस्था छ । हवाई नीति, २०६३ ले उडान सुरक्षा एवम् हवाई सुरक्षामा सुदृढीकरण गरी अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनद्वारा निर्धारण गरिएको मापदण्ड तथा सिफारिसहरुको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राख्दै आवश्यक कानूनी र संस्थागत व्यवस्था गर्ने उल्लेख गरेको छ । त्यस्तै, हवाई सेवालाई विश्वसनीय र भरपर्दो बनाउन नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय जिम्मेवार निकायको रुपमा रहेको छ । मन्त्रालयअन्तर्गत विभाग र प्राधिकरण क्रियाशील रहेका छन् । नियमनकारी निकायबाट उडान सुरक्षा एवम् हवाई सुरक्षालाई संवेदनशील रुपमा लिई प्रभावकारी कार्य हुन नसक्दा नागरिकले ज्यान गुमाउनु परिरहेको दुःखद अवस्था छ । हवाई दुर्घटनाका सम्बन्धमा विभिन्न छानविन समितिहरुबाट प्राप्त सिफारिस कार्यान्वनलाई प्राथमिकता नदिइँदा एकातर्फ दुर्घटनाहरु बढिरहेको देखिन्छ भने अर्कोतर्फ पुराना विमानहरु खरिद र सञ्चालनमा प्रभावकारी नियमन हुन सकेको छैन । यसकारण हवाई यातायातमा जोखिम बढ्दै गइरहेको देखिन्छ ।

अतः हवाई दुर्घटनाबाट नागरिकले ज्यान गुमाउनु परिरहेको अवस्थाप्रति संवेदनशील बन्दै हवाई सेवालाई सुरक्षित र भरपर्दो बनाउन तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनद्वारा निर्धारित मापदण्ड एवम् सिफारिसहरुको कार्यान्वयनमा जोड दिन आयोग नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ । साथै, घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन र हवाई दुर्घटनामा ज्यान गुमाएका व्यक्तिका परिवारलाई उपयुक्त राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न/गराउन र सहज रुपमा बीमा रकम उपलब्ध गराउन समेत आयोग आग्रह गर्दछ ।

..................

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org